"Partnership for Urban Governance"
DAO Regd. No. 2/054/55 NDA-2018

नेपाल नगरपालिका संघ
Municipal Association of Nepal (MuAN)

530 Pandol Marg, Lazimpat
PO Box : 14286, Kathmandu, Nepal
Tel : (977-1) 4425692, 4420559
Fax : (977-1) 4418671
Email : muan@ntc.net.np,
info@muannepal.org.np

Ref. ०७८/०७९-१४८

मिति : २०७८/१०/१६

श्रीमान् प्रमुखज्यू
सम्पूर्ण महानगर, उपमहानगर एवं नगरपालिकाहरु

**बिषयः- संघको भवन निर्माणका लागि आर्थिक सहयोग बारे ।**

नेपाल नगरपालिका संघ संपूर्ण महानगगर, उपमहानगर र नगरपालिकाहरुको एकमात्र प्रतिनिधिमूलक संस्थाको रुपमा बि.सं. २०५० सालमा स्थापना भै नगरपालिकाहरुका विविध मुद्दामा वकालती र पैरवी गर्दै जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि, श्रोत परिचालन लगायतका क्षेत्रमा योगदान दिंदै आईरहेको व्यहोरा यहाँलाई अवगतै छ । चालु आ.व.मा नेपाल नगरपालिका संघले नगरपालिकाहरुको एकल अधिकार कार्यान्वयन गर्न अपरिहार्य हुने नमूना कानूनहरु निर्माण गरि पठाउनुका साथै बाझिएका ऐनहरुलाई शंशोधन वा खारेजी गर्न जोडदार पहल गरिरहेको छ । यसैगरी नगरपालिकाको श्रोत बृद्धिका लागि राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग तथा संङ्घीय एवं प्रदेश तहका अर्थमन्त्रालयहरुसँग पैरवी गरिएको छ। साथै कोरोना महामारी नियन्त्रणका लागि संघले स्वास्थ्य सामग्री तथा खोप खरिदका लागि नगरपालिकाहरुका अन्तराष्ट्रिय सञ्जाल, संघ संस्था लगायत नेपाल स्थित विदेशी नियोगहरुलाई पत्राचार गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि एवं कर्मचारीहरुकोलागि अनवरत क्रियाशील यस नेपाल नगरपालिका संघको आफ्नै प्रशासनिक भवन नहुँदा स्थापनाकाल देखिनै भाडामा कार्यालय सञ्चालन हुँदै आएको छ । संघले मध्यपुर थिमि नगरपालिकाको जग्गा एकिकरण योजना अन्तर्गत कमेरेटारमा भवन निर्माणको लागि १ रोपनी जग्गा गरेको र भवन नक्सा तथा निर्माण लागत रु. ७०,८८१,५०४।०० (सातकरोड आठलाख एकासिहजार पाँचसय चार रुपैया मात्र) रहेको र सम्पूर्ण नगरपालिकाहरुबाट आर्थिक स्रोत संकलन गरी भवन निर्माण गर्ने निर्णय भएकोले आसन्न नगरसभाबाट रकम विनियोजन गर्न मिति २०७८/०२/३१ गते पत्राचार गरी अनुरोध समेत गरेकोले यस महत्वपूर्ण कार्यमा योगदान गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु । सो प्रयोजनको लागि गत कार्यसमिति वैठकको निर्णय अनुसार नेपाल नगरपालिका संघको नाममा राष्ट्रिय बाणिज्य बैंक मैतिदेबी शाखामा रहेको खाता नं. १५५०१००००१४७६००१ मा रकम संकलनको लागि खाता खोलिएकोले उक्त खातामा यथाशक्य रकम उपलब्ध गराई दिनु हुन समेत अनुरोध गर्दै यथाशक्य चाँडो शिलान्यास गरी भवन निर्माण कार्य शुरुवात गर्ने कार्य पारदर्शी रुपमा सम्पन्न गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछौ ।

.............................
कलानिधि देवकोटा
कार्यकारी निर्देशक

बोधार्थः सातै प्रदेश संयोजकज्यू, नेपाल नगरपालिका संघ
समन्वयार्थः सातै प्रदेश व्यवस्थापकज्यू, नेपाल नगरपालिका संघ

पुनश्चः भवन नक्सा तथा चलन चल्ती अनुसारको लागत अनुमानको प्रतिलिपी यसै पत्रसाथ संलग्न छ ।